# स्थानियतहको आर्थिक ऐन, २०७६

छत्रेश्वरी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :**

छत्रेश्वरी गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथाशुल्क संकलनगर्ने, छुट दिने तथाआय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छत्रेश्वरी गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ** : (१) यस ऐनको नाम"आर्थिक ऐन २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ सालश्रावण १ गते देखी छत्रेश्वरी गाउँपालिका क्षेत्रमालागु हुनेछ ।

**२. सम्पत्ति कर** : गाउँपालिका क्षेत्रभित्र अनुसुची (१) बमोजिम एकिकृत सम्पत्ति सर/घरजग्गा कर लगाईने र असुलउपर गरिने छ ।

**३. भुमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसुची (२) बमोजिमभुमी कर (मालपोत) लगाईने र असुलउपर गरिनेछ ।

**४. घर बहाल कर :**गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले भवन,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गावापोखरी पुर्ण आंशिकतवरले बहालमा दिएकोमा १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाईने र असुलउपर गरिनेछ ।

**५. व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यपार, व्यवसायवा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (३) बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ ।

**६. जडिबुटी, कवाडी र जिवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्रकुनै व्यक्तिवा संस्थाले ऊन, खोटो जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेककाअन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारेवार गरेवापत गाउँकार्यपालिकाले तोकेबमोजिम कर लगाईने र असुलउपर गरिनेछ ।

**७. सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्रदर्ता भएका सवारी साधनमा गाउँकार्यपालिकाले तोकेबमोजिम सवारी साधन कर लगाईने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :**गाउँपालिका क्षेत्रभित्रहुने विज्ञापनमा गाउँकार्यपालिकाले तोकेबमोजिम विज्ञापन कर लगाईने रअसुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर** : गाउँपालिका क्षेत्रभित्रहुने मनोरन्जन व्यवसाय सेवामा अनुसुची बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका घर टहरा हाट वजार वा पसलमा अनुसुचीमा भएको अवस्था अनुसुची अनुसार वहाल विटौरी शुल्क लगाईने र असुलउपर गरिनेछ भने उल्लेख नभएको हदमा कार्यपालिकाद्धारा निर्णय गरी दर लागु गरिने छ ।

**११. सेवाशुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसुची (१२) मा उल्लेखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसुचीमा यवस्था भएअनुसार शुल्क लगाईने र असुलउपर गरिनेछ ।

**१२. कर छुट**: यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइने छैन ।

**१४. कर तथाशुल्क संकलन सम्बन्धी कार्यविधी**: यो ऐन मा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**स्थानीय तहको आर्थिक ऐन, २०७५माउल्लेखित अनुसुचि बमोजिम चालु आ.व. २०७६/७७ कालागी स्वीकृत सेवा शुल्क दस्तुर**

| सि.नं. | राजस्वका क्षेत्रहरु | चालु आ.व.को दर | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर | १० | |
| २ | कच्ची घर कर | ५० | |
| ३ | जस्ता र टायलको छाना | १०० | |
| ४ | पक्की घर प्रतितल्ला | २०० | |
| ५ | अंग्रेजीमा गरिने सवै सिफारिस | ५०० | |
| ६ | नागरिकता सिफारीस | २०० | |
| ७ | नागरिकता प्रतिलिपी सिफारिस | २०० | |
| ८ | अंगीकृत नागरिकता सिफारिस | ५०० | |
| ९ | नाता प्रमाणित स्वदेश प्रयोजन | ३०० | |

| | | | |
|---|---|---|---|
| १० | नाता प्रमाणित विदेश प्रयोजन | १५०० | |
| ११ | पारिवारिक विवरण सिफारिस | २०० | |
| १२ | नाता कायम सिफारिस | २०० | |
| १३ | बसोवास प्रमाणित सिफारिस | ५०० | |
| १४ | नावालक सिफारिस | २०० | |
| १५ | जन्ममिति प्रमाणित सिफारिस | २०० | |
| १६ | सवै प्रकारका सादा सिफारिस | २०० | |
| १७ | खानेपानी टेलिफोन जडान, विद्युत नामसारी ठाउँसारी सिफारिस | ३०० | |
| १८ | विद्युत मिटर जडान घरायसी | ३०० | |
| १९ | विद्युत मिटर जडान उद्योग | १५०० | |
| २० | जग्गाधनी पुर्जा प्रतिलिपी सिफारीस | ३०० | |
| २१ | घर कायम सिफारिस | १००० | |
| २२ | व्यवसाय वन्द तथा नाम परिवर्तन सिफारिस | ५०० | |
| २३ | होटल दर्ताको सिफारिस | १००० | |
| २४ | पेन्सन सिफारिस | ५०० | |
| २५ | निजि बैंक स्थापना अनुमति सिफारीस | ६००० | |
| २६ | जग्गा प्लटिङ इजाजत प्रति रोपनी | ३००० | |
| २७ | जग्गा नामसारी सिफारिस | २०० | |
| २८ | सर्जमिन मुचुल्का | ५०० | |
| २९ | उजुरी निवेदन दर्ता शुल्क | ५० | |
| ३० | अपाङ्ग र विरामी सिफारिस | निःशुल्क | |
| | आम्दानी प्रमाणित ( प्रतिलाख) | १०० | |
| | व्यवसाय नविकरण वार्षिक | २०० | |

**उद्योग तर्फ**

| | | | |
|---|---|---|---|
| ३१ | सानातथा घरेलु उद्योग | १५०० | |
| ३२ | मझौला उद्योग | २५०० | |

| | | | |
|---|---|---|---|
| ३३ | ठुला उद्योग | ५००० | |
| ३४ | माथी उल्लेखित उद्योगको सर्जमिन शुल्क | ५०० | |
| ३५ | उद्योग नामसारी ठुला | २००० | |
| ३६ | उद्योग नामसारी मझौला | १५०० | |
| ३७ | उद्योग नामसारी साना | १००० | |

**चारकिल्ला प्रमाणित (बैंक प्रयोजन )**

| | | | |
|---|---|---|---|
| ३८ | एउटा कित्ताको राजमार्ग क्षेत्र | ६०० | |
| ३९ | थपप्रतिकित्ता राजमार्ग क्षेत्र | १०० | |
| ४० | अन्य क्षेत्र एक कित्ता | ३०० | |
| ४१ | थपप्रतिकित्ता | ५० | |
| | **घरजग्गा मुल्याङकन** | | |
| ४२ | १ लाख देखी ५ लाख सम्म | ५०० | |
| ४३ | थप प्रति लाख | १०० | |

**नक्सापास**

| | | | |
|---|---|---|---|
| ४४ | RCC को लागी (स्थानहरु ताक्ने), तथा राजमार्ग क्षेत्रमाप्रति स्क्वायर फिट प्रतितला | ८ | |
| ४५ | RCC को लागीप्रति स्क्वायर फिट प्रतितला (अन्य क्षेत्रमा) | ५ | |
| ४६ | RCC को लागी (स्थानहरु ताक्ने) र राजमार्गमा पर्नेको प्रति स्क्वायर फिट प्रति तला निर्माण भईसकेको | १० | |
| ४७ | RCC को लागीप्रति स्क्वायर फिट प्रतितला निर्माण भईसकेको (अन्य क्षेत्रमा) | ७ | |

**निजि विद्यालय कक्षा वृद्धी (अपग्रेड)**

| | | | |
|---|---|---|---|
| ४८ | आधारभुत स्तर | २००० | |
| ४९ | मा.वि. स्तर | ३००० | |
| ५० | क्याम्पस कलेज | ४००० | |

**निजि विद्यालय स्थापना तथा तह वृद्धी**

| | | | |
|---|---|---|---|
| ५१ | कक्षा १-३ सम्म | ५०००० | |
| ५२ | कक्षा ३-५ सम्म | १००००० | |
| ५३ | कक्षा ५-८ सम्म | १५०००० | |
| ५४ | कक्षा ९-१० सम्म | २००००० | |
| **सामुदायीक विद्यालयको कक्षा अपग्रेड** | | | |
| ५५ | आधारभुत स्तर | १५०० | |
| ५६ | मा.वि. स्तर | २००० | |
| ५७ | क्याम्पस कलेज | २५०० | |

**व्यक्तिगत घटना दर्ता**

| | | | |
|---|---|---|---|
| ५८ | ३५ दिन पछि सबै | ५० | |
| ५९ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | २०० | |
| **मालपोत कर पाखो तर्फ** | | | |
| ६० | अव्वल | ४०/रोपनी | |
| ६१ | दोयम | ३०/रोपनी | |
| ६२ | सिम | १०/रोपनी | |
| ६३ | चार | ५/रोपनी | |
| **अनुसुची (२) मालपोत कर खेत तर्फ** | | | |
| ६४ | अव्वल | ५०/रोपनी | |
| ६५ | दोयम | ४०/रोपनी | |

| | | | |
|---|---|---|---|
| ६६ | सिम | १५/रोपनी | |
| ६७ | चाहर | १०/रोपनी | |

**योजनाद सम्झौता शुल्क उपभोक्ता तथा ठेक्कापट्टा**

| | | | |
|---|---|---|---|
| ६८ | १ लख सम्म | ५०० | |
| ६९ | १ लख देखी ५ लाख सम्म | १००० | |
| ७० | ५ लाख देखी १० लाख सम्म | २००० | |
| ७१ | १० लाख देखी २० लाख सम्म | ४००० | |
| ७२ | २० लाख देखी ३० लाख सम्म | ६००० | |
| ७३ | ३० लाख देखी ४० लाख सम्म | ७००० | |
| ७४ | ४० लाख देखी ४९ लाख सम्म | ८००० | |
| ७५ | ५० लाख सम्म | १०००० | |
| ७६ | ५१ लाख भन्दा माथी थप प्रतीलाख | ५० | |

**व्यापारीक वस्तु (वार्षिक) अनुसुची (ङ)**

| | | | |
|---|---|---|---|
| ७७ | चुरोट थोक विक्रेता | १५०० | |
| ७८ | चरोट खुद्राविक्रेता | ५०० | |
| ७९ | मदिरा डिलर (सवै प्रकारका) | २००० | |
| ८० | मदिरा खुद्रा | १००० | |
| ८१ | कोल्ड स्टोर | १००० | |
| ८२ | गहना वनाउने ठुलो पसल | २००० | |
| ८३ | गहना वनाउने सानो पसल | ५०० | |
| व्यापार मेला कार्यपालिकाले निर्णय गरी सापेक्षतामा निर्धारण गर्ने | | | |

**कपडा पसल**

| | | | |
|---|---|---|---|
| ८४ | कपडा थोक पसल | ८०० | |
| ८५ | कपडा खुद्रा पसल | ५०० | |

**व्यवसाय कर**

| | | | |
|---|---|---|---|
| | | | |
| ८६ | सानो घुम्ती पसल | ५०० | |
| ८७ | अन्य खुद्रा पसल | १००० | |
| ८८ | होटल साधारण | १००० | |
| ८९ | चिया नास्ता पसल | ५०० | |

**काठ चिरानीमिल दर्ता**

| | | | |
|---|---|---|---|
| ९० | फर्निचर उद्योग दर्ता | २००० | |
| ९१ | डेरी उद्योग दर्ता | १००० | |
| ९२ | फनिचर पसलदर्ता | १००० | |
| ९३ | परामर्श सेवादर्ता | १५०० | |

**घ कर**

| | | | |
|---|---|---|---|
| ९४ | नयाँ घट्ट दर्ता | १००० | |
| ९५ | विद्युतिय घट्ट दर्ता | १००० | |
| ९६ | वन्दुक कर | ५०० | |
| ९७ | घरवाटो सिफारीस | ३०० | |
| ९८ | प्रति कित्त ाथप | १०० | |

**रुख कटान सिफारीस**

| | | | |
|---|---|---|---|
| ९९ | प्रति रुख | १००० | |
| १०० | प्रतिथप रुख | ५०० | |

**उर्जामुलकउद्योग**

| | | | |
|---|---|---|---|
| १०१ | गोवर ग्यास कम्पनी | ५०० | |
| १०२ | सोलार पावर कम्पनी | १००० | |

**कृषि तथा वनजन्य उद्योग**

| | | | |
|---|---|---|---|
| १०३ | काठ चिरानी सम्वन्धी काम गर्ने स.मिल | २००० | |
| १०४ | प्लाईउड सम्वन्धी काम गर्ने स.मिलचिरानी मेसिन राखीवा नराखी | १५०० | |
| कृषि तथा पशु समुहदर्ता निःशुल्क हुनेछ । | | | |

**धान कुट्ने, गहुँपिस्ने, तारी पेल्ने उद्योग (मिल)**

| | | | |
|---|---|---|---|
| १०५ | ५ हर्ष पावर देखी २० हर्ष पावर सम्म | ५०० | |
| १०६ | २०देखी ३० हर्ष पावर सम्म | १००० | |

**गाउँपालिकाबाट निकासी हुने निकासीजन्य बस्तुमा देहाय बमोजिमको कर लगाईने छ ।**

| सि.नं. | सुन्तला/टिमुर/अदुवा/सुटो/अन्य | |
|---|---|---|
| १ | पिकअप गाडी | १०००/गाडी |
| २ | मिनि ट्रक | १५००/मिनी ट्रक |
| ३ | ट्याक्टर | २०००/ट्याक्टर |
| ४ | ट्रक | ३०००/ट्रक |

नोट : माथिको वर्गिकरणमा समावेस नभएको सेवा व्यवसायको कारोवारको आधारमा गाउँपालिकाले रु ३००।- देखी रु ५०००।- सम्मवार्षिक कर लिन सक्नेछ ।

१. गाउँपालिकाले तोकेको अवधीमा गाउँ क्षेत्र भित्र व्यवसाय संचालन गरे वापत वार्षिक रुपमा तिर्नु पर्ने कर नतिरेमा निम्न अनुसारको थप जरिवाना लाग्नेछ ।

क) म्याद समाप्त भएको मितिले असोज मसान्त सम्म निःशुल्क ।

ख) पौष मसान्त सम्म लाग्ने दस्तुरको ५ प्रतिसत

ग) अषाढ मसान्त सम्म लाग्ने दस्तुरको १० प्रतिसत र सो भन्दा बढी म्याद गुजारी कर चुक्तागर्न आएमा २५ प्रतिसत थप जरिवाना लाग्नेछ ।

घ) पहिलो पटक गाउँपालिका बाट सुचना निकालेको वखत र अन्य वर्षहरुम ।आश्विन महिनाभित्र लाग्ने (दर्ता, नविकरण कर) कर चुक्तागर्न आउने व्यक्ति, फर्म, कम्पनीलाई जम्मालागतको १० प्रतिसत छुट दिईने छ ।

घ) माथि उल्लेखित कर दस्तुर बाहेक यस आ.व.मा अन्य कुनै प्रकारको करको दायरा आवश्यक महसुस भएमा गाउँकार्यपालिकाले निर्णय गरी कार्यविधि बनाई दर निर्धारण गर्न सक्नेछ ।

ङ ) माथी जुन सुकै कुरा उल्लेख भएतापनि आर्थिक रुपले विपन्न नागरिक भएको हकमा आवश्यक सिफारीस दस्तुत लाग्ने छैन ।